# प्रदेश स्वास्थ्य निर्देशनालय रास्ट्रीय पोषण क्षेत्र बैठक
# पोषण क्रियाकलापहरुको बर्तमान अवस्था

डा. रबिन खड्का
निर्देशक, स्वास्थ्य सेवा निर्देशनालय
कर्णाली प्रदेश

११ असार २०७७ (२५ जुन २०२१)

# प्रगति सम्बन्धि केहि झलकहरु

- प्रत्यक २ हप्तामा हुने स्वास्थ्य तथा पोषण क्षेत्रको छलफल समिक्ष्या संचालन नियमित भैरहेको छ ।
- मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना र कोरोना भाइरस रोग (कोभिड १९) रोकथाम, नियन्त्रण, उपचार तथा प्रतिकार्य आकस्मिक योजना, २०७८ सामाजिक विकास मन्त्रालयबाट स्वीकृत भएको छ ।
- प्रदेश स्तरीय मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनामा पोषण क्षेत्रलाई समाबेश गरिएको छ ।
- प्रदेश स्तरीय पोषण तथा खाध्य सुरक्ष्या संचालक समितिको छलफल सम्पन्न भयो ।
- कर्णालीका ५ जिल्लाहरुमा संचालित "आमा तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम (MCHN)" अन्तर्गत बाँकी रहेको २३० मेट्रिक टन पौष्टिक आहार उत्पादन गरिसकेको छ . केहि दिन भित्रै यस अन्तिम लटको गुणस्तर परिक्षण प्रतिबेदन बिश्व खाध्य कार्यक्रमबाट बुझाउने योजना छ ।
- "**आमा तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम (MCHN)**" अन्तर्गत कर्णालीका ५ जिल्लाहरुमा मे २०२१ महिनामा १७०५९ जनाका लागि (६६३९ गर्भवती तथा सुत्केरी महिला र स्तनपान गराइरहेकी आमाहरु तथा १०४२० ६ देखि २३ महिना सम्मका बालबालिकाहरु) कुल ५१.१७७ मेट्रिक टन पौष्टिक आहार वितरण भयो . मे महिनाको वितरणमा भएको प्रगति मात्र ५८.५७% हो . जिल्ला तथा स्थानिय स्तरमा लागु गरिएको निषेधाज्ञाको कारणले पनि भौतिक प्रगतिमा थोरै कमि आएको हो ।
- कोभिड १९ सम्बन्धित नियेमित १० वटा एफएमहरु मार्फत प्रत्यक दिन १२ पटक संचार सामग्रीको प्रशारण कार्य निरन्तर रुपमा भै रहेको छ ।

# प्रगति सम्बन्धि केहि झलकहरु

- सल्यान, सुर्खेत, दैलेख, जाजरकोट र रुकुम जिल्लाहरुका पालिका स्तरिय स्वास्थ्यकर्मीहरुका लागि **CNSI** तालिम सम्पन्न भैसकेको छ र महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको लागि संचालन भैरहेको छ ।
- सुआहाराको सहयोगमा एसएमएस पद्धती द्वारा गर्भवती तथा सुत्केरी र स्तनपान गरिरहेकी महिलाहरुलाई पोषण तथा स्वास्थ्य सम्बन्धि जानकारी दिने कार्य निरन्तर भैरहेको छ ।
- कार्य छेत्रमा समेटिएका परिवारहरु तथा १००० दिन भित्र पर्ने महिला तथा बाल बालिकाहरुलाई लाई टेलिफोन मार्फत स्वास्थ्य, पोषण र कोभिड सम्बन्धि परामर्श दिने कार्य पनि निरन्तर भैरहेकोछ ।
- टेलिफोनको माध्यमबाट महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था, ओ.टि.सि. र ग्रामिण नमुना किसानहरुलाई गुणस्तरीय सेवा प्रवाह हर्न सकुन भन्ने हेतुले प्राविधिक सययोग कार्य सम्पन्न भएको छ ।
- कोभिड १९ को सन्दर्भमा राष्ट्रिय पोषण क्लस्टर/सुआहारा/युनिसेफको नेतृत्वमा १४ जिल्लामा संचालित IYCF Rapid Assessment को प्रतिबेदन लेखन कार्य सम्पन्न भयो।
- "**शिघ्र कुपोषणको एकिकृत ब्यावस्थापन कार्यक्रम (IMAM)** " अन्तर्गत बहिरंग उपचारात्मक केन्द्र (OTC) मा गत बैशाखमा ५९ जना र जेष्ठ मा १५ जना गरि जम्मा ७४ जना बालबालिकाहरु भर्ना भएका छन् भने पोषण पुनर्स्थापना गृह (NRH) मा बैशाखमा १७ जना र जेष्ठ मा ९ जना गरि जम्मा २६ जना बालबालिकाहरु उपचारात्मक सेवाको लागि भर्ना भएका छन् ।

# प्रगति सम्बन्धि केहि झलकहरु

- कर्णाली प्रदेश सरकारको नीति, कार्यक्रम र बजेटमा बहुक्षेत्रीय पोषण योजनाको मुलप्रवाहीकरण र आगामी आ.ब. २०७८/२०७९ को लागि रु ६६ लाख बजेट बिनियोजन भएको छ ।
- बहुक्षेत्रीय पोषण योजना अन्तरगत स्थानीय तहहरुले लकडाउन र कोभिडको असरमा परेका सुनौला हजार दिनका आमाहरुलाई पोषण झोला बितरण कार्य भई रहेको छ ।
- सबै स्थानीय तहहरुमा बहुक्षेत्रीय पोषण योजना बजेट अन्तरगत ओटिसी स्थापना र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई बृहत पोषण प्याकेज सम्बन्धी तालिमको तयारी भईरहेको छ ।

# सुआहाराको सहयोगमा टेलिफोन मार्फत परामर्श दिने कार्य र नियेमित बृद्धि अनुगमनको केहि झलक






Suaahara Community Nutrition Facilitator counselled to HHs/FCHVs based on Job Aid/guideline

# २४ जुन २०२१ सम्मको पोषण सामाग्रीहरुको अन्तिम मौज्दातको अवस्था

- **रेटिनल (भिटामिन "ए") २०००००० आइ.यु. क्याप्सुल:** १४५००
- **आरयुटिएफ (इजी पेस्ट नट प्याकेट):** ७० कार्टुन
- **बाल भिटा (एम.एन.पि. स्यासेट):** २४६०००
- **एफ - ७५ (४०० ग्राम):** ७ कार्टुन
- **एफ - १०० (४०० ग्राम):** ७ कार्टुन
- **एल्बनड्याजोल ४०० ग्राम ट्याब्लेट:** १७९०५०
- **आमा तथा बालबालिकाका लागि तौल नाप्ने बिध्युतिय मेशिन:** १
- **शिशु तथा बाल बालिकाहरुका लागि उचाई नाप्ने पोर्टेबल मेशिन:** २५
- **बालबालिकाहरुका लागि कलर कोडेड मुआक टेप:** १०००

**२४ जुन २०२१ सम्म उपलब्ध पौष्टिक आहारको अन्तिम मौज्दातको बिवरण:**

- **जिल्लास्थित मुख्य गोदामहरुमा अन्तिम मौज्दात**: १८७.४२६ मेट्रिक टन
- **स्वास्थ्य संस्थाहरुमा रहेको अन्तिम मौज्दात**: ११२.१९० मेट्रिक टन
- **कुल अन्तिम मौज्दात को परिमाण**: २९९.६१६ मेट्रिक टन

# मुख्य चुनौतिहरु तथा जोखिम न्यूनीकरणका उपायहरु

| चुनौतिहरु | न्यूनीकरणका उपायहरु |
|---|---|
| • बर्तमान विषम परिस्थीतिको कारणले अधिकांश स्थानहरुमा आवश्यकिय स्वास्थ्य सेवाहरु अवरुद्ध हुन सक्ने सम्भावना ।<br><br>• आमा तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम अन्तर्गत यस आर्थिक बर्ष असार मसान्त अगावै अन्तिम तेस्रो लटको २३० मेट्रिक टन पौष्टिक आहारको गुणस्तर परिक्षण तथा जिल्ला स्तरीय गोदाम् सम्म ढुवानी कार्य सम्पन्न गरि सक्नु पर्ने । | • स्थानीय निकायहरु संग नियमित सम्बाद द्वारा स्वास्थ्य संस्था स्तरीय नियमित स्वास्थ्य सेवाहरुलाई कसरी न्युनतम रुपमा भए पनि संचालन गर्न सकिन्छ भन्ने बिषयमा निरन्तर प्रयासरत हुने ।<br><br>• बिश्व खाध्य कार्यक्रमले शिघ्र नमुना संकलन र गुणस्तर परिक्षण कार्य सम्पादन गर्ने र स्वास्थ्य सेवा निर्देशनालय बाट सो प्रतिबेदन को आधारमा शिघ्र ढुवानी कार्य गर्ने गराउने । |

# आगामी दिनमा गरिने कार्यहरु

- CNSI तालिम सम्पन्न भएको जिल्ला जस्तै दैलेख, सल्यान र सुर्खेतमा बहिरंग उपचारात्मक केन्द्रहरुको स्थापना गरिने छ ।
- युनिसेफको सहयोगमा कोभिड १९ को *परीप्रेक्ष्यमा पोषण लाई उच्च प्राथमिकता दिंदै हजार दिनका आमाहरु लक्षित सामाजिक व्यवहार परिवर्तन* तथा संचार कार्यहरु संचालन गरिनेछ आवश्यकिय स्वास्थ्य सेवाहरुको संचालन तथा निरन्तरतामा जोड दिईनेछ ।
- असार मसान्त भित्र बाँकी रहेको २३० मेट्रिक टन पौष्टिक आहारको गुणस्तर परिक्षण तथा जिल्ला स्तरीय गोदाम् सम्म ढुवानी कार्य योजना सम्पन्न गरिनेछ ।

जुम्लाको कनकासुन्दरी स्वास्थ्य संस्थामा वृद्धि अनुगमन तथा डोल्पा जिल्लाको लागि रुकुम स्थित राडीज्यूला भण्डारण गृहमा राखिएको पौष्टिक आहारको एक झलक





# THANK YOU